नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
मंसीर/पौष २०७१ (December 2014) वर्ष १८/अङ्क २१३

## खीष्टमस आयो !

- पाष्टर डा. राजेन्द्र रोंगोंग

खीष्टमस (बडादिन) को महिना सुरू भयो । खीष्टयनहरूको चाड । साना केटाकेटीदेखि बुढापाकाहरूको हृदयमा एक प्रकारको उमंगको लहर सुरू हुन्छ । नयाँ लुगाफाटा लगाउने, घर सफासुग्घर गर्ने वा रङरोगन गर्ने अथवा झिलीमिली गर्ने र केही मीठा मसिना खाई रमाइलो गर्ने रहर हुन्छ । वर्तमान संसार विशेषत: विकसित मुलुकहरूमा यसको प्रतिक्षा गरिन्छ तर यसको मूल उद्देश्य व्यापारमा केन्द्रित रहेको पाइन्छ ।

खीष्टमस इसाईहको चाड हो । प्रभु येशू खीष्टको जन्मोत्सवको उपलक्ष्यमा यो चाड मनाइन्छ । यस्ता चाडहरू मनाउँदा अक्सर चाड मनाउने कुरातिर हाम्रो ध्यान जान्छ र कसको जन्मोत्सव र किन खुशियाली भन्ने कुरातिर हामी त्यति सोच्दैनौं ।

प्रभु येशू खीष्टको जन्म हामी सामान्य मानिसको जस्तो आकस्मिक रूपमा भएको होइन । उहाँको जन्म हुँदा स्वर्गदुतद्वारा यस्तो घोषणा भएको थियो, "... नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूको निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एकजना मुक्तिदाताको जन्म भएको छ, जो खीष्ट प्रभु हुनुहुन्छ" (लूका २:१०-११) ।

उहाँ मानिसहरूको मुक्तिदाता र प्रभुको रूपमा जन्मनुभएको छ । बाइबल धर्मशास्त्रअनुसार परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाउनुभयो पहिलो मानिस र उनकी श्रीमती परमेश्वरकै स्वरूपमा पाप रहित थिए । तर यो अवस्था धेरै दिनसम्म रहन सकेन । उनीहरू बस्ने गरेको बगैंचा हरियाली र सुन्दर थियो जहाँ परमेश्वर स्वयं ती मानिसहरू, आदम र हव्वासँग बेलुकीपख समय बिताउन आउनुहुन्थ्यो । परमेश्वरले उनीहरूलाई निर्णय गर्ने स्वतन्त्रता (Freedom of Choice) दिनुभएको थियो । बगैंचामा उनीहरू सबै कुरा गर्न सक्थे केवल एउटै मात्र निषेधित आज्ञा थियो, "... बगैंचाका सबै रूखको फल तैंले सङ्कोच नमानी खाए हुन्छ, तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय मर्नेछस्" (उत्पत्ति २:१६-१७) । परमेश्वरको विरोधी शैतानले छल गरी सर्पको रूपमा आएर हव्वालाई निषेधित फल खान उक्सायो । उसको तर्क थियो 'तिमीहरूले यो फल खायौ भने तिमीहरू परमेश्वरसरह हुनेछौ ।' फल हेर्नमा राम्रो र त्यसबाट फाइदा हुने देखिएकोले पहिले हव्वाले र पछि आदमले खाए । उनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरे ।

परमेश्वरले यो कुरा थाहा पाउनुभयो र आदम, हव्वालाई त्यो सुन्दर बगैंचाबाट निकालिदिनुभयो । आदम र हव्वा परमेश्वरको उपस्थितिबाट बाहिर निकालिए । अर्थात् उनीहरूको मृत्यु भयो । शारीरिक रूपले मरेनन् तर आत्मिकी रूपमा मरे । परमेश्वरको आज्ञा उल्लङ्घन गरेको नतिजा उनीहरूको मृत्यु भयो साथै परमेश्वरले उनीहरूलाई सृष्टि (संसार) माथि दिनुभएको अधिकार शैतानले खोसेर लग्यो । उनीहरू शैतानको प्रभावमुनि जिउनु पऱ्यो ।

तर परमेश्वरले मानिसहरूलाई त्यत्तिकै छोडनुभएन । एउटा अचम्मको प्रतिज्ञा दिनुभयो । श्राप दिने क्रममा परमेश्वरले शैतानलाई भन्नुभयो, "तेरो र स्त्रीको सन्तानको बीच दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्याउनेछ, तैंले त्यसको कुर्कुच्चा डस्नेछस्" (उत्पत्ति ३:१५) ।

स्त्रीको उनै सन्तान प्रभु येशू खीष्ट हुनुहुन्छ । येशू खीष्ट परमेश्वरको उद्देश्य पूरा गर्न संसारमा मानिसको रूप लिई आउनुभयो ।

पुरानो करारमा इस्राएलीहरूको इतिहासका घटना क्रमहरूको वर्णन गरिएको छ । योसेफको कारण उनीहरू मिश्र देशमा बस्न थाले । सुरुमा सत्तरी जना गएका थिए र चार सय वर्षभन्दा धेरै त्यहाँ बसे । त्यहाँ नै उनीहरूको सानो परिवार एउटा जाति बन्न पुग्यो । योसेफ इतिहास भैसकेका थिए यसकारण त्यहाँ शासकहरूले इस्राएलीहरूलाई मिश्रमा दास बनाएर राखे । छुटकाराको निम्ति चढाइएको प्रार्थना परमेश्वरले सुन्नुभयो, मोशा र हारूनलाई मिश्रमा पठाउनुभयो, परमेश्वरले उनीहरूलाई चलाउनुभयो र अनेकौं आश्चार्यकर्मद्वारा इस्राएलीहरूलाई मिश्रीहरूको बन्धुवाइबाट छुट्कारा दिनुभयो । मिश्रबाट निस्कने रात परमेश्वरले इस्राएलीहरूको निमित्त एउटा चाडको स्थापना गर्नुभयो । यो चाड निस्तार चाड थियो । त्यो चाड मनाउन प्रत्येक परिवारले भेंडा वा बाख्राको पाठो मारी त्यसको रगत ढोकाको चौकोस र माथिल्लो भागमा लगाउनु पर्थ्यो । मारेको पाठोको मासु पोलेर, खमिर नहालेको रोटी र तिते सागका साथ खानु पर्थ्यो (प्रस्थान १२ अध्याय)। त्यो रात परमेश्वर मिश्रबाट जानुहुने थियो । रगत लगाएको घरलाई नाघेर जानुहुने र रगत नलगाएको घर/परिवारका मानिस र पशुहरूको जेठोलाई मार्ने कुरा परमेश्वरले बताउनुभयो। रगत पापको क्षमाको लागि सट्टा बलिको संकेत थियो ।

मिश्रबाट निस्केपछि परमेश्वरले मोशाद्वारा व्यवस्था दिनुभयो । पाप क्षमाको निमित्त पशुहरूको बलि साथै अन्नबलि र विभिन्न आज्ञाहरू दिनुभयो (प्रस्थान १९ अध्यायदेखि व्यवस्थासम्म) । परमेश्वरले इस्राएलीहरूसित पाप क्षमाको करार बाँध्नुभयो र यसलाई पक्का गर्न पशुहरूको रगत बगाउनुपर्ने भयो । यसलाई मोशाको व्यवस्था वा व्यवस्था भनिन्छ ।

तर यो व्यवस्थाले परमेश्वरले इच्छा गर्नुभएको कुरा पूरा भएन । पुरानो वा पहिलो आज्ञा कमजोर र बेकामको भयो । "किनकि व्यवस्थाले केही कुरा सिद्ध भएन" (हिब्रू ७:१८-१९) ।

परमेश्वरले मानिसहरूलाई त्यसै छोड्नुभएन । उहाँले उनीहरूलाई प्यार गरिरहनुभयो, यसैले उहाँले आफ्नो एक्लो छोरो येशू खीष्टलाई संसारमा पठाउनुभयो (यूहन्ना ३:१६) । "... पापै नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो" (२ कोरिन्थी ५:२१) । खीष्ट येशू पवित्र आत्माद्वारा मरियमदेखि जन्मनुभयो । उहाँ सिद्ध मानिस हुनुहुन्थ्यो । उहाँ साधारण मानिस झैं जिउनुभयो, हामी झैं

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| मंसीर २७<br>December 13 | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>शारोन रोंगोंग | पाष्टर<br>दफ्तन सादा | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |
| पौष ५<br>December 20 | डीकन<br>अर्जुन ढकाल | एल्डर<br>पूर्ण सुनुवार | श्रीमती<br>सुमित्रा तामाङ्ग | एल्डर<br>सीता गुरूङ्ग | एल्डर<br>रूबेन श्रेष्ठ | एल्डर<br>शारोन रोंगोंग | श्री<br>पुरुषोत्तम न्यौपाने |
| पौष १० <br>December 25 | खीष्टमस सेवा – आ–आफ्नै मण्डलीमा | | | | | | |
| पौष १२<br>December 27 | पाष्टर<br>अशोक मुखिया | श्री<br>रमेश लामा | श्री<br>राजु राई | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| पौष १९<br>January 3 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर डा.<br>राजेन्द्र रोंगोंग | श्रीमती<br>गंगा श्रेष्ठ | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

सबै कुरामा परीक्षित हुनुभयो तर पनि निष्कलङ्क रहनुभयो (हिब्रू ४:१५)। प्रभु येशू खीष्ट मात्र मानिसको पापको प्रायश्चितको निम्ति उचित मानव हुनुहुन्थ्यो ।

यद्यपि यहूदाको धोखा, धर्मगुरुको शत्रुता, पिलातसका अन्यायद्वारा खीष्टलाई क्रूसमा चढाइयो र वास्तवमा यसको पछि शैतानको हात थियो । उसले "स्त्रीको सन्तानको कुर्कुच्चा" डस्यो तर परमेश्वरले यो सबै हुन दिनुभयो । उहाँले निस्तार चाडको आधारमा बनेको नयाँ करारलाई आफ्नो पुत्रको रगतद्वारा नयाँ करार स्थापना गर्नुभयो । येशूले पुरानो करार वा व्यवस्थालाई आफूमा लिई परमेश्वरको नियम पापको ज्याला मृत्यु पूरा गर्नुभयो । तर उहाँ मृत्युमै रहनुभएन । मृत्युलाई पातालमै छोडी उहाँ विजयसाथ पुनरुत्थान हुनुभयो ।

यर्मिया ३१:३१ मा भएको प्रतिज्ञा परमेश्वरले येशू खीष्टद्वारा पूरा गर्नु भयो, "... किनकि म तिनीहरूका अपराधहरू क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झने छैन ।" यसै कुरालाई हिब्रूका लेखकले पनि समर्थन गरेका छन् (हिब्रू ८:१२)।

उहाँ हाम्रा पाप क्षमा गर्न मात्र होइन तर हाम्रा प्रभु बन्न समेत आउनुभयो त्यसैले हामी उहाँलाई मुक्तिदाता मात्र होइन तर प्रभु भनी स्वीकार गर्छौं र घोषणा गर्दछौं ।

## विषेश प्रार्थना

१. सबैको हित हुने ठीक संविधान समयमा नै बन्न सकोस् साथै संविधान निर्माण समितिको लागि पनि ज्ञान बुद्धि र एकता मागी दिऔं ।

२. यो महिना खीष्टमसको अवसरमा सारा संसारभरिका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति सुसमाचार प्रचारको सेवा साथै विभिन्न माध्यमद्वारा प्रचारिने सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

३. २०१५ साल नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाई मागौं ।



नेइम ज्ञानेश्वर मण्डलीको डीकन रत्नमान महर्जनले काठमाडौं इन्टिच्यूट अफ् थियोलोजीबाट मास्टर अफ् डिभिनिटी पूरा गरी कार्तिक १६ गते/नोभेम्बर २ तारिख आइतबार दीक्षित हुनुभएकोमा मण्डलीको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ९:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल, साँखु | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| मंसीर २७ December 13 | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च | श्री राजु तामाङ्ग |
| पौष ५ December 20 | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | श्री जय सिंह | एल्डर छोदेन कार्थक | श्री कुमार सेन्चुरी |
| पौष १० December 25 | खीष्ट जन्मोत्सव सेवा बिहान ११:०० आ – आफ्नै चर्चमा | | | | | | | |
| पौष १२ December 27 | एल्डर सागर थापा | डीकनेस् राम माया नगरकोटी | श्री कृष्ण श्रेष्ठ | श्री लाक्पा लामा | श्री अशोक सुनार | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | श्री राजु तामाङ्ग |
| पौष १९ January 3 | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान घ्लान | एल्डर सागर थापा | पाष्टर एल.पी.न्यौपाने | एल्डर छोदेन कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |

## हार्दिक बधाई



मंसीर १० गते/नोभेम्बर २६ तारिख बुधबार नेइम नगरकोट मण्डलीको सदस्य सुश्री **सेती तामाङ्ग** र नगरकोट प्रार्थना मण्डलीको सदस्य श्री **उमेश तामाङ्ग**को नेइम नगरकोट चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **उमेश** र **सेती तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



मंसीर ११ गते/नोभेम्बर २७ तारिख बुधबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री **मोशा भण्डारी** र रोफेका निस्सी मण्डली लामसाँघुको सदस्य सुश्री **स्मृति थापा**को रोफेका निस्सी मण्डली लामसाँघुमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान/श्रीमती **मोशा** र **स्मृति भण्डारी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## हार्दिक शुभकामना

प्रभु येशू खीष्टको जन्मोत्सव (खीष्टमस) तथा नव वर्ष २०१५ को सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरू, शाखा तथा आवद्ध मण्डलीहरू, देश विदेशमा हुनुभएका सम्पूर्ण मण्डली परिवारहरू साथै सम्पूर्ण देशवासीहरूमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा शुभकामना व्यक्त गर्दछौं

## जानकारी

मंसिर ६ गते/नोभेम्बर २२ ता. शनिबार नेइम बाल संगतिका १५ वर्षका ७६ जना बाल बालिकाहरू दिक्षित भए ।

मंसिर ६ गते/नोभेम्बर २२ ता. शनिबार नेइम ललितपुर चर्चमा ८ जना विश्वासीहरूको समर्पण भयो ।

मंसिर १३ गते/नोभेम्बर २९ ता. शनिबार नेइम ज्ञानेश्वर चर्चमा ५३ जना विश्वासीहरूको समर्पण भयो ।

मंसिर १३ गते/नोभेम्बर २९ ता. शनिबार नेइम गोंगबूँ चर्चमा ५ जना विश्वासीहरूको समर्पण भयो ।

## डिसेम्बर महिनाको कार्यक्रम

मंसीर २१ गते/डिसेम्बर ७ तारिख आइतबार बिहान ९:०० बजे **नेइम परिषद्को बैठक** नेइम ज्ञानेश्वर मण्डलीमा

मंसीर २८ गते/डिसेम्बर १४ तारिख आइतबार **नेइम कार्यकारिणीको बैठक** नेइम ज्ञानेश्वर मण्डलीमा

पौष १० गते/डिसेम्बर २५ ता. बिहीबार बिहान ११:०० बजे **खीष्ट जन्मोत्सव कार्यक्रम** आ-आफ्नै मण्डलीमा

पौष १६ गते/डिसेम्बर ३१ ता. बुधबार राती ९:००-१२:०० **आधा रातको प्रार्थना** आ-आफ्नो ठाउँमा



नयाँ बस्ती बस्नुहुने श्रीमती कान्छी महर्जन ७६ वर्षको उमेरमा मंसिर ०१ गते/नोभेम्बर १७ तारिख सोमबार प्रभुमा सुत्नुभयो ।



नक्साल बस्नुहुने सुश्री एलिशा सुनुवार २४ वर्षको उमेरमा मंसिर ०६ गते/नोभेम्बर २२ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २१ 7<br>खीष्टमसको समयमा विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा धैरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>लूका २:८-११ | २८ 14<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकौं ।<br>३ यूहन्ना १-६ | ६ 21<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाइको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४२:६-७ | १३ 28<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ३:१४-१९ |
| **सोमबार**<br>**Monday** | २२ 8<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू साथै प्रार्थना गर्नेहरू अझ बढेर गएका होस् ।<br>रोमी १२:२, कलस्सी ३:१० | २९ 15<br>हामीलाई प्रभुले जुन उद्देश्यले चुन्नुभएको छ सो उद्देश्यलाई हामी सबैले विश्वासयोग्यका साथ पूरा गर्न सकौं ।<br>एफिसी १:११-१२ | ७ 22<br>आफूले पाएका वरदानहरू मण्डली निर्माणको लागि प्रेम र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>१ कोरिन्थी १३:१-३ | १४ 29<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ |
| **मंगलबार**<br>**Tuesday** | २३ 9<br>पूर्णकालिन सेवक/सेविकाहरूको प्रार्थना गरिदिऔं ।<br>१ तिमोथी १:१२ | १ पौष 16<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>रोमी १४:१९ | ८ 23<br>खीष्टमसको समयमा प्रचारिएको सुसमाचारद्वारा धैरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>यूहन्ना १४:६, प्रेरित ४:१२ | १५ 30<br>यो वर्षभरि परमप्रभु परमेश्वरले दिनुभएको आशिष्को लागि धन्यवाद चढाऔं ।<br>भजनसंग्रह ९६:१-९ |
| **बुधबार**<br>**Wednesday** | २४ 10<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता अझ बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | २ 17<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, शुरू भएको संगति मण्डलीको लागि साथै उहाँहरूका सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून् ।<br>यूहन्ना १५:१६ | ९ 24<br>सारा विश्वव्यापी मण्डलीहरूमा हुने खीष्टमस सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् । ती संगतिद्वारा परमेश्वरलाई नै महिमा मिलेको होस् ।<br>यूहन्ना १७:१-३ | १६ 31<br>आउँदो वर्षभरि आशिषित भएर जिउनका लागि आजदेखि नै दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं ।<br>व्यवस्था ११:११-१२, यहोशू १:२-९ |
| **बिहीबार**<br>**Thursday** | २५ 11<br>मण्डलीका सबै जवानहरूले परमेश्वरको बोलावट थाहा गरी आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>रोमी १२:१-२ | ३ 18<br>मण्डलीका सबै बाल बालिकाहरू सानै उमेरदेखि प्रभुको आवाज सुनेर भविष्यमा परमेश्वरकै महिमाको कामको लागि तयार हुन सकून् ।<br>१ शमूएल ३:१-१० | १० 25<br>सारा संसारका मानिसहरूले येशू खीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>लूका २:८-११ | १७ January 1, 2015<br>यो वर्ष मण्डली आत्मामा, गुणमा, संख्यामा साथै अरू सबै क्षेत्रहरूमा अझै अघि बढेर जान सकौं ।<br>१ कोरिन्थी २:९ |
| **शुक्रबार**<br>**Friday** | २६ 12<br>भोलि प्रचारिने वचनद्वारा हरेकको जीवनमा आत्माको एउटा नयाँ काम भएको होस् ।<br>याकूब १:२२-२५ | ४ 19<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना १४:२१, २३-२४ | ११ 26<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकौं ।<br>भजनसंग्रह १४७:१-२० | १८ 2<br>भोलि नेपाल देशभरि हुने आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरको गहिरो काम मण्डलीको जीवनमा भएको होस् ।<br>प्रेरित २:४६-४७ |
| **शनिबार**<br>**Saturday** | २७ 13<br>विभिन्न काम-व्यवसाय गर्ने सबै विश्वासीहरूले आफ्नो इमान्दारिताद्वारा परमेश्वरलाई महिमा दिन सकून् ।<br>भजनसंग्रह २५:२१ | ५ 20<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, आत्मिक जागृति साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>भजनसंग्रह २६:२-८, २७:४ | १२ 27<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं ।<br>हिब्रू १२:१ | १९ 3<br>प्रभुको नाउँको खातिर दु:ख, कष्ट सतावट सहनुभएकाहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>२ कोरिन्थी १२:९-१० |

**तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ । आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ ।**

**लूका २:१०-११**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np